# जनकपुरधाम उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनुषा, जनकपुरधाम
### मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०७८/०७९
चलानी नं.:-

फोन नं. :-०४१-५२०१४६, ५२०५१०
५२०५२०, ५२००११(बारुणयन्त्र)

## सूचना, सूचना, सूचना

डेंगु भनेको संक्रमित एडिस एजिप्टि नामको पोथी लामखुट्टेको टोकाईबाट सर्ने सरुवा रोग हो, यो लामखुट्टेले जमेको सफा पानीमा फुल पार्दछ र संख्यामा बृद्धि गर्दछ ।

**रोगका लक्षणहरु ःः-**

— कडा ज्वरो आउने, आंखाको गेडी दुख्ने, टाउको पेट जोर्नी र मांसपेशी दुख्ने, आलस्य तथा सिथिल हुने जस्ता लक्षण देखा पर्दछन ।

— शरिरमा प्लेटलेटको संख्या कम हुने हुंदा शरिरको विभिन्न अंगबाट रगत बग्ने, रगत नजम्ने र डावर आउने लक्षण पर्न सक्दछ ।

— माथिका लक्षण देखिएमा स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीको सल्लाह लिएर मात्र औषधि प्रयोग गर्ने ।

**डेंगु रोगबाट बच्ने तरिका**

— लामखुट्टेको टोकाईबाट बच्ने, लामखुट्टेको मार्ने औषधि छर्ने, लामखुट्टेको भगाउने धुप तथा मलम प्रयोग गर्ने ।

— बाहुला भएको र शरिर ढाक्ने कपडा लगाउने, झुल हालेर मात्र सुत्ने , लामखुट्टेको वृद्धि र विकास नियन्त्रण गर्ने ।

— घर आंगन, कौसीको हरअमेशा सरसफाई गर्ने र पानी जम्न नदिने, पानीको नाली, ढल, पोखरी, टायर टयुब आदि मा पानी जम्न नदिने ।

— पानीको नाली, ढल,पोखरी आदिमा हप्ताको २ पटक डढेको मोविल , मट्टितेल छर्कने ।

— पानी जम्ने खाल्डाखुल्डी पुर्ने , पानी जम्मा गर्ने भाडाकुडा कम्तिमा हप्तामा दुई पटक सफा गर्ने ।

— डेंगु रोगको खोप र खास औषधि नभएकोले लामखुट्टेको टोकाईबाट बच्नु नै उक्तम उपाय हो ।

— पानीको टयांकी पुरा खालि गरेर सफा गर्ने, खानेपानी टयांकी राम्ररी ढक्कन लगाएर राख्ने ।

— कुलरमा हप्ताको एक चम्चा मट्टितेल हालिदिने र ५, ५ दिनमा सफा गर्ने ।

— गमला, फलदानीमा पानी जम्न नदिने ।


Website: www.janakpurmun.gov.np Email: janakpursmc@gmail.com